**मिति २०७८ फागुन १४ गते सम्पन्न नेपाल निजामती कर्मचारी संगठन - जिल्ला कार्य समिति, बाँकेको दसौं जिल्ला अधिवेशनबाट निर्वाचित कार्य समितिले २०७९ भाद्र महिना सम्म**

**(६ महिना मा)  सम्पन्न गरेका केहि महत्वपूर्ण गतिविधि एवं क्रियाकलापहरुको विवरण संक्षेपमा:**

**पहिलो बैठक: २०७८ फागुन १५ गते**

दशौँ जिल्ला अधिवेशनको समिक्षा सहित अधिवेशन सफल पार्न सहयोग पुर्याउने सबै संगठक एवं शुभेच्छुकहरुलाई धन्यवाद एवं प्रमुख आतिथ्यता सहित समय, मन्तव्य र सहजीकरणका लागि संगठन, केन्द्रका वरिष्ठ उपाध्यक्ष लेखनाथ कोइराला ज्यूलाई विशेष धन्यवाद दिने निर्णय । संगठनको खाता संचालन, आगामी बैठकको मिति तय, सल्लाहकार मनोनयन र मिति २०७८ चैत्र ४ गते *होलि मिलन शुभकामना आदानप्रदान* गर्ने निर्णय ।

**होलि मिलन शुभकामना आदानप्रदान कार्यक्रम:**




मिति २०७८ चैत्र ४ गते होलि पर्वको अवसरमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेले सङ्गठन सदस्यहरु बीच सदभाव र भाइचारा अभिवृद्धि गर्न *सद्भावपूर्ण होलि मिलन शुभकामना आदानप्रदान* कार्यक्रमको आयोजना गरेको थियो । सो सद्भावपूर्ण होलि मिलन शुभकामना आदानप्रदान कार्यक्रमबाट संगठनकर्मीहरु बीच एकआपसमा शुभकामना आदानप्रदान गर्ने, एकआपसमा रंग अविर दलेर उत्सव मनाउने, व्यस्तताका बीच मनोरंजन गर्ने एवं

आपसी सम्बन्ध र समझदारी बलियो बनाउने उद्देश्य बमोजिम कार्यक्रममा सङ्गठनकर्मीहरुको उल्लेख्य सहभागिताले कार्यक्रम सफल रुपमा सम्पन्न भएको थियो ।

**दोश्रो बैठक: २०७८ चैत्र ८ गते**

संगठनको कोष वृद्धि एवं संगठन र संगठनका गतिविधिहरुको प्रचार / प्रसारमा सघाउ पुगोस् भन्ने ध्येयले नयाँ वर्ष २०७९ को अवसरमा क्यालेण्डर / भित्तेपात्रो प्रकाशन गर्ने, संगठन स्थापना दिवसको अवसरमा मिति २०७९ बैशाख ६ गते राष्ट्रिय सरोकार र महत्वको क्षेत्र नेपाल भारत सिमा क्षेत्र ( गेट) आसपासमा सरसफाई कार्यक्रम र २०७९ बैशाख ७ गते क्षेत्रीय रक्तसंचार केन्द्र, नेपालगन्जमा रक्तदान गर्ने लगायतका निर्णय ।

**तेश्रो बैठक: २०७९ चैत्र १३ गते**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रिय कार्य समितिका महासचिव आदरणीय जीवन काफ्ले ज्यूको प्रमुख आतिथ्यतामा भएको उक्त विस्तारित बैठकमा प्रस्तावित संघीय निजामती सेवा ऐन लगायत निजामती कर्मचारी सँग सम्बन्धित विभिन्न सरोकार र समसामयिक विषयहरुमा छलफल, अन्तरक्रिया र सहभागीहरुबाट आएका सवालहरुको महासचिवबाट सम्बोधन गर्ने काम र संगठन स्थापना दिवस भव्य र सभ्य रुपमा मनाउने निर्णय सहित सम्पन्न ।

**सरसफाई कार्यक्रम:**

आम कर्मचारीहरुको आशा र भरोशाको केन्द्र, निजामती क्षेत्रको पहिलो



राष्ट्रियस्तरको ट्रेड युनियन, नेपाल निजामती कर्मचारी संगठन स्थापना दिवसको अवसरमा मिति २०७९ बैशाख ७ गते राष्ट्रिय महत्वको नेपाल भारत सिमा क्षेत्र ( गेट ) आसपासमा संगठनकर्मीहरुद्वारा सरसफाई सम्पन्न। कार्यक्रमले अत्यन्तै सकारात्मक सन्देश प्रवाह गर्न सफल।

**शुभकामना आदानप्रदान एवं भित्तेपात्रो/क्यालेण्डर सार्वजनिकीकरण कार्यक्रम:**



संगठन स्थापना दिवसको गौरवमय दिन – बैशाख ७ ,२०७९ का दिन नेपाल निजामती कर्मचारी संगठन, बाँकेले *संगठन स्थापना दिवस विशेष कार्यक्रम* सहित संगठनद्वारा प्रकाशित नयाँ वर्ष २०७९ को वार्षिक *क्यालेण्डर/भित्तेपात्रो सार्वजनिकीकरण* कार्यक्रम नेकपा (एमाले) अध्यक्ष किस्मत कुमार कक्षपतिको प्रमुख आतिथ्यतामा सुनाखरी रेष्टुरेन्ट नेपालगन्जमा सम्पन्न।

**रक्तदान कार्यक्रम:**

मानवीय सेवा एवं सामाजिक उत्तरदायित्वलाई बहन गर्दै आइरहेको नेपाल निजामती कर्मचारी संगठन, बाँकेले भेरी अस्पताल नेपालगन्जमा भैरहेको



रगत अभावलाई दृष्टिगत गर्दै संगठन स्थापना दिवसकै अवसरमा मिति २०७९ बैशाख ८ गते  क्षेत्रीय रक्तसंचार केन्द्र, नेपालगन्जमा वृहत *रक्तदान कार्यक्रम* सम्पन्न गर्न गार्यो । उक्त रक्तदान कार्यक्रममा विभिन्न ३६ जना रक्तदाताहरुद्वारा रक्तदान गर्नु भएको थियो, भने रक्तदान गरि मानवीय सेवामा समर्पित हुने सबै रक्तदातालाई संगठनका तर्फबाट स–धन्यवाद प्रमाणपत्र वितरण गरिएको थियो।

**चौथो बैठक: २०७९ बैशाख १६ गते**

३२ औं संगठन स्थापना दिवसको अवसरमा आयोजित विभिन्न कार्यक्रमहरुको समिक्षा, बैशाख ३० गते हुन गैरहेको स्थानीय निर्वाचनलाई स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने, कर्मचारी खटनपटन र जिम्मेवारीमा संगठन चनाखो र सक्रिय रहने लगायतका निर्णय।

**पाँचौ बैठक: २०७९ असार १ गते**

नेपाल निजामती कर्मचारी सङ्गठन, लुम्बिनी प्रदेशको प्रथम ऐतिहासिक अधिवेशनको समिक्षा र बाँके जिल्लाबाट निर्वाचित पदाधिकारी एवं सदस्यहरुलाई सफल कार्यकालको बधाई सहित शुभकामना प्रदान, स्थानीय निर्वाचन २०७९ को समिक्षा लगायतका विषयमा छलफल र निर्णय।

**छैटौं बैठक: २०७९ श्रावण ६ गते**

नेपालको पेशागत आन्दोलनका क्रममा आफ्नो प्राणको आहुति दिने संगठनका वीर योद्धा सहिद मनोज–झपेन्द्र–सुरेन्द्र स्मृति दिवस, २०७९ भव्य र सभ्य रुपमा सम्पन्न गर्न विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने र सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप नगर्ने बाँकेको खजुरा गाउँपालिका लगायतमा कार्यरत कर्मचारीहरुको पेशागत सुरक्षाको लागि संगठनले दृढतापुर्वक पहलकदमी  लिने, साथीहरुलाई संगठित गर्ने, सामुहिक सौदाबाजी गर्ने लगायतका कार्यहरुमा संगठनले नेतृत्व लिने र निर्णायक भूमिका खेल्ने निर्णय ।

**वृहत विचार गोष्ठी एवं अन्तरक्रिय कार्यक्रम:**

सहिद मनोज–झपेन्द्र–सुरेन्द्र स्मृति दिवस – २०७९ को अवसरमा मिति २०७९ श्रावण १४ गते शनिबारको दिन नेपाल निजामती कर्मचारी संगठन, बाँके र बर्दियाको संयुक्त आयोजनामा




**“नेपालमा ट्रेड युनियन आन्दोलन: इतिहास, उपलब्धि र आवश्यकता”** *विषयक* **वृहत् विचार गोष्ठी एवं अन्तरक्रिया कार्यक्रम** सुनाखरी रेष्टुरेन्ट, नेपालगन्जमा

सम्पन्न भएको छ । नेपालको सार्वजनिक प्रशासन, विकास, सुशासन, पेशागत हकहितका साथै विभिन्न राष्ट्रिय सवालमा विगत लामो समय देखि कलम चलाउँदै आउनु भएका संगठन, बाँकेका अध्यक्ष देवीलाल चौलागाईंले प्रस्तुत गर्नु भएको *"नेपालमा ट्रेड युनियन आन्दोलनः इतिहास, उपलब्धि र आवश्यकता"* विषयक कार्यपत्र र अतिथि वक्ताहरुको टिप्पणीबाट आम कर्मचारीहरुमा संगठन, एकता र ट्रेड युनियन आन्दोलन प्रति प्रतिवद्ध बनाउने, यसको आवश्यकता, अपरिहार्यता र महत्व बुझाउने, संगठन र संगठन सदस्यहरुलाई आन्दोलन प्रति जुझारु, सशक्त र सकारात्मक बनाउने काम गरेको छ ।

संगठन बाँके र बर्दियाको संयुक्त आयोजनामा भएको यो वृहत् कार्यक्रमले संगठन भित्र सहकार्य, सहअस्तित्व र साझा भावनाको विकास गराउन मद्दत गरेको मात्र नभई संगठन भित्र एउटा नविन प्रयोग र उदाहरण समेत प्रस्तुत गरेको छ । यो संस्कारको थालनी बाँके र बर्दियाबाट शुरु भएको छ । जुन अरुका निम्ति पनि अनुकरणीय हुन सक्छ ।

**स्वास्थ्य शिविर:**




सहिद मनोज–झपेन्द्र–सुरेन्द्र स्मृति दिवस – २०७९ को ऐतिहासिक अवसरमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेले बाल सुधार गृह, बाँकेमा स्वास्थ्य शिविर संचालन गरेको थियो । विशेषज्ञ चिकित्सक सहित

स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य परिक्षण सहित निशुल्क औषधि वितरण गरिएको थियो। १ सय १५ जनालाई स्वास्थ्य परिक्षण र औषधि वितरण गरिएको थियो भने अन्य आवश्यक एवं आपतकालीन औषधि बाल सुधार गृहलाई हस्तान्तरण गरिएको थियो।

## अन्य गतिविधिहरु:

**अवलोकन भ्रमण:** मिति २०७९ बैशाख २ र ३ गते राष्ट्र सेवक सहकारी संस्था लिमिटेड, बाँकेको व्यवस्थापनमा दाङ –प्युठान – स्वर्गद्वारी अवलोकन भ्रमणका क्रममा दाङ जिल्लाको संगठन / सहकारी र बाँके जिल्लाको संगठन / सहकारी बीच अनुभव एवं गतिविधिको जानकारी आदानप्रदान गर्ने र नयाँ वर्षको शुभकामना आदानप्रदान सहित मायाको चिनो आदानप्रदान गर्ने काम गरिएको थियो।

**लुम्बिनी प्रदेश सरकारको आ.व. २०७९/०८० को बजेटमा सुझाव पेश:** लुम्बिनी प्रदेश सरकारका तर्फबाट प्रस्तुत हुने आ.व. २०७९/०८० को बजेटमा कर्मचारीको सेवा सुविधा र सरोकार सँग सम्बन्धित प्रमुख विषयहरु समावेश गरि १९ वुँदे सुझाव संगठन, बाँकेका तर्फबाट लुम्बिनी प्रदेश कार्य समितिमा पेश।

**संयुक्त ज्ञापनपत्र पेश:** मिति २०७८ असार २७ गते कर्मचारीहरुका सुझाव र मागको सम्बोधन हुने गरि तत्काल संघीय निजामती सेवा ऐन, जारी गर्न सरकार र संसदलाई दबाब दिने उद्देश्यले बाँके जिल्लामा क्रियाशिल रहेका निजामती कर्मचारीहरुको ट्रेड युनियनका तर्फबाट संयुक्तरुपमा बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री शेर बहादुर देउवालाई ज्ञापनपत्र पेश।

**सेवा करारमा रहेका कर्मचारी सम्बन्धमा:** मुलुकमा संघीयता व्यवस्थापन गर्ने क्रममा पहिलोपटक २०७४ सालमा भएको स्थानीय तह निर्वाचन पश्चात स्थानीय तह संचालनको लागि आवश्यक जनशक्ति अस्थाई, सेवा कारार र ज्यालादारीमा नियुक्त गरि विभिन्न जिम्मेवारी दिई कामकाजमा खटाईएकोमा हालै सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित बाँके जिल्लाका खजुरा गाउँपालिका लगायतका स्थानीय तहहरुमा हठात रुपमा सेवा सम्झौता नगर्ने र सेवाबाट हटाउने निर्णय गरेको प्रति सङ्गठन बाँके त्यसको विरुद्धमा सशक्त रुपमा उभिने र अस्थाई, कारार र ज्यालादारी कर्मचारीको पुनर्वहालीको लागि पहलकदमी लिने काम गरेको छ । अस्थाई, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई संगठित गर्दै सामुहिक सौदाबाजी गर्ने र सामुहिक सौदाबाजी एवं वार्ता सफल नभएका स्थानमा कानूनी उपचारको बाटोमा जाने काम पनि संगठन, बाँकेले गरेको छ । यसैक्रममा मिति २०७९ श्रावण १८ गते सम्मानित उच्च अदालतबाट सेवाबाट हटाइएका कर्मचारीलाई "नियमित रुपमा हाजिर भै कामकाज गर्नबाट बन्चित नगर्नु, निजलाई पुर्ववत कामकाज गर्न दिनु" भन्ने उत्प्रेषण र परमादेश समेत प्राप्त गर्न संगठन, बाँके सफल भएको छ । यस किसिमको संगठन, बाँकेको अग्रसरता, पहलकदमी र पैरवीबाट संगठन प्रति आम कर्मचारीको आकर्षण र भरोशा बढेको छ ।

**विदाई तथा स्वागत:** बाँके जिल्लाबाट अन्यत्र सरुवा भै जाने एवं सेवा निवृत्त भै जानुहुने सङ्गठनकर्मीहरुको विदाई र अन्यत्र जिल्लाबाट सरुवा भै एवं नयाँ नियुक्ति लिई बाँके जिल्लामा आउनुहुने कर्मचारी / संगठनकर्मी साथीहरुको विभिन्न कार्यक्रम एवं बैठकहरुमा स्वागत गर्ने कार्य बाँके संगठनले निरन्तररुपमा गर्दै आइरहेको छ ।

**सदस्यता वितरण र नवीकरण:** यस जिल्लामा नयाँ नियुक्ति लिई आउने तथा सदस्यता नलिएका कर्मचारीहरुलाई संगठनको सदस्यता प्रदान गर्ने र पुराना सदस्यहरुको सदस्यता नवीकरण गर्ने कार्यलाई बाँके संगठनले नियमित रुपमा गर्दै आइरहेको छ ।

**समवेदना:** कर्मचारी र उहाँको परिवारजनको निधन प्रति दुख र समवेदना प्रकट गर्न उहाँहरुको घरमा पुग्ने र सुख–दुखको साथी बन्ने काम संगठन, बाँकेले निरन्तर गर्दै आइरहेको छ ।

**सहजीकरण:** बाँके जिल्लामा कार्यरत कर्मचारीहरुको समस्या तथा गुनासो सम्बोधनका लागि कार्यालय प्रमुख एवं सरोकारवालाहरु सँग छलफल र  सहजीकरण गर्ने कार्य सङ्गठन, बाँकेले गर्दै आइरहेको छ ।

**सहभागिता:** जिल्ला स्तरमा हुने विभिन्न पेशागत एवं अन्य संघ संगठनहरुका सार्वजनिक कार्यक्रम एवं बैठकहरुमा आमन्त्रण अनुसार संगठनका तर्फबाट सहभागिता एवं प्रतिनिधित्व गर्ने र  संगठनका विचार / धारणाहरु प्रस्तुत गर्ने, संगठनका गतिविधि एवं कार्यक्रमहरुका बारेमा जानकारी गराउने लगायतका कामहरु संगठन, बाँकेबाट निरन्तर हुँदै आइरहेका छन् ।

**संगठनिक विवरण:**

- संगठनको कुल सदस्य संख्या ६ सय ३० जना ।
- २ जना महिला सहित २१ सदस्यीय जिल्ला कार्य समिति ।
- १ जना महिला सहित ६ जना केन्द्रिय प्रतिनिधि ।
- ४ जना सल्लाकार ।
- निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन, बाँकेको अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित ३ जना सदस्यहरु संगठनका तर्फबाट नेतृत्वमा ।

- राष्ट्र सेवक सहकारी संस्था लिमिटेड, बाँकेको कुल सदस्य संख्या ३ सय ५० ।
- लुम्बिनी प्रदेश कार्य समितिमा, बाँके जिल्लाबाट उपाध्यक्ष –१ , सचिव–१ र सदस्य २ जनाबाट प्रतिनिधित्व ।
- केन्द्रिय कार्य समितिमा बाँके जिल्लाबाट २ जना सदस्यहरुको प्रतिनिधित्व ।

**इकाई कार्य समितिहरु गठन:** मुलुकको संघीय संरचना अनुरुप यस संगठनले पनि संघीयतालाई आत्मसात गर्दै "जहाँ जहाँ सरकार त्यहाँ त्यहाँ ट्रेड युनियन अधिकार"को मान्यता अनुरुप संगठनलाई विकास र विस्तार गर्दै बाँके जिल्लाका ८ वटा स्थानीय तह मध्य **६ वटा स्थानीयमा संगठनको इकाई कार्य समिति गठन र बाँके राष्ट्रिय निकुन्जमा प्रारम्भिक इकाई कार्य समिति गठन** कार्य सम्पन्न गरेको यस बाँके संगठनले बाँकी २ वटा स्थानीय तह र अन्य कार्यालयस्तरमा प्रारम्भिक कार्य समिति गठन गर्ने र आम राष्ट्र सेवक कर्मचारीहरुलाई संगठनको छाता भित्र गोलबन्द गरी ट्रेड युनियन आन्दोलनलाई थप गतिशील र सशक्त बनाउने कार्ययोजना रहेको छ ।

यसरी संगठन बाँकेले, केन्द्र र प्रदेश कार्य समितिको निर्णय, निर्देशन र कार्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने र आफ्नै पहलकदमीमा पनि थुप्रै रचनात्मक र सृजनात्मक कार्यहरु गर्दै संगठनलाई गतिशील र क्रियाशिल बनाउने काममा बाँके संगठन निरन्तर लागिरहेको छ । ▪